# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, वैशाख १७ गते, २०८३ साल (संख्या ४

## भाग ५

## नेपाल सरकार

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको

## सूचना १

नेपाल सरकार मन्त्रिपरिषद्ले बिनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहत सडक विभाग अन्तर्गत सञ्चालित बजेट उपशीर्षक नं. ३३७०११२२ (स्थानीय सडक पुल निर्माण) अन्तर्गत आर्थिक वर्ष २०७९/८० सम्म ठेक्का व्यवस्थापन भई निर्माणाधीन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०३ वटा पुलहरूको अनिवार्य दायित्व भुक्तानी गर्न बाधा उत्पन्न भएकोले आवश्यक रकम रकमान्तर तथा थप बजेट व्यवस्थापन गर्ने आदेश जारी गर्ने निर्णय २०८३।०१।०२ मा गरेकोले सोही दफाको उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**सूचना-२**

नेपाल सरकार मन्त्रिपरिषद्ले बिनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहत सडक विभाग अन्तर्गत सञ्चालित बजेट उपशीर्षक नं. ३३७०११३२ (रणनैतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण) अन्तर्गत निर्माणाधीन राष्ट्रिय राजमार्गमा पर्ने १६२ वटा पुलहरूको अनिवार्य दायित्व भुक्तानी गर्न बाधा उत्पन्न भएकोले आवश्यक रकम रकमान्तर तथा थप बजेट व्यवस्थापन गर्ने आदेश जारी गर्ने निर्णय मिति २०८३।०१।०२ मा गरेकोले सोही दफाको उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**गोपाल प्रसाद सिग्देल**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.द्र.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।